**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ नोभेम्बर २०२४

समयः १९:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- संसदको शीतकालीन अधिवेशन २५ नोभेम्बर देखि २० दिसम्बर सम्म चल्नेछ।
- राष्ट्रपति द्रौपदी मुर्मूले न्याय वितरण प्रणालीले न्यायपूर्ण र निष्पक्ष समाजतर्फको राष्ट्र यात्रालाई बलियो बनाउनुपर्ने विषयमाथि जोर दिनुभयो।
- सूर्य उपासनाको महापर्व छठ आजदेदखि आरम्भ भएको छ। मुख्य आयोजित ७ नोभेम्बरको दिन हुनेछ। प्रधानमंत्री मोदीले शुभमकामना दिनुभएको छ।
- नेपालमा पनि भव्य छठ पर्व मनाउने तैयारीहरू जोर शोरले चलिरहेको छ। यस पर्वका लागि भारत बाट १ करोड़ ७० लाखको केरा नेपालमा आयात गरिएको छ।
- नीति आयोगले भोलीदेखि १५ दिने देशव्यापी जल उत्सव शुरू गर्नेछ।
- भारतीय सेनाको पूर्वी कमानको नेतृत्वमा ईष्ट टेक २०२४ रक्षा प्रदर्शनी आज देखि कोलकातामा शुरू भएको छ।
- अमेरिकमा राष्ट पति चुनावको निम्ति मतदान भईरहेको छ।

**संसद को शीतकालीन सत्र**

संसदको शीतकालीन अधिवेशन २५ नोभेम्बर देखि २० दिसम्बर सम्म चल्नेछ। संसदीय कार्य मन्त्री किरेन रिजिजुलेए श्संविधान जारी भएको ७५ औं वर्षगाँठ २६ नोभेम्बरमा संविधान सभाको सेन्ट्रल हलमा मनाइने बताउनु भएको छ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मू - न्याय वितरण प्रणाली**

राष्ट्रपति द्रौपदी मुर्मूले न्याय वितरण प्रणालीले न्यायपूर्ण र निष्पक्ष समाजतर्फको राष्ट्रको यात्रालाई बलियो बनाउनुपर्ने बताउनु भएको छ। राष्ट्रपति भवनमा आज साँझ सर्वोच्च अदालतका तीन प्रकाशनको विमोचनपछि राष्ट्रपति मुर्मुले यस आशयबारे बताउनु भएको हो। राष्ट्रपतिले भन्नुभयो -ए "सर्वोच्च न्यायालयले एक न्यायशास्त्रको विकास गरेको छ जुन भारतीय लोकाचार र वास्तविकतामा निहित छ। राष्ट्रपति मुर्मूले समानता र समान न्यायको आदर्श न्यायपालिकाका लागि मार्गदर्शक सिद्धान्त हुनुपर्ने बताउनु भएको छ। राष्ट्रपति मुर्मूले सर्वोच्च न्यायालयले आफ्नो स्थापनाको ७५ औँ वर्षगाँठको अवसरमा उद्देश्यमूलक गतिविधि सञ्चालन गर्न लागेकोमा खुशी व्यक्त गर्नुभएको छ। राष्ट्रपति मुर्मुले लोकअदालत आयोजना गर्नु र जिल्लास्तरीय न्यायिक अधिकारीहरूको सम्मेलन आयोजना गर्नु न्याय सम्पादन प्रणालीको धरातलीय वास्तविकतालाई सम्बोधन गर्ने दुई उदाहरण भएको बताउनु भएको छ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मू- बौद्ध धर्म**

राष्ट्रपति द्रौपदी मुर्मूले एशियालाई बलियो बनाउनमा बौद्ध धर्मको भूमिकालाई लिएर बौद्ध धर्मले एशिया र विश्वमा वास्तविक शान्ति कसरी ल्याउनसक्छए यसमाथि चर्चा गर्नुपर्ने आवश्यकता माथी जोड दिनुभएको छ स राष्ट्रपति मुर्मुले आज नयाँ दिल्लीमा अन्तरराष्ट्रिय बौद्ध परिसंघको सहयोगले भारत सरकारको संस्कृति मन्त्रालयद्वारा आयोजित प्रथम एशियाई बौद्ध शिखर सम्मेलनलाई सम्बोधन गर्नुहुदै शिखर सम्मेलनले बुद्धका शिक्षाहरूको हाम्रो साझा विरासतको आधारमा हाम्रो सहयोगलाई मजबुत बनाउनमा एउटा लामो बाटो तय गर्नेछ भनी विश्वास व्यक्त गर्नुभयो। उहाँले अझ भन्नुभयो -ए भारत धर्मको पवित्र भूमि हो। हरेक युगमा भारतमा महान गुरू र रहस्यवादीए द्रष्टा र साधक भएका छन्ए जसले मानवतालाई भित्र शान्ति र बाहिर सद्भाव खोज्ने मार्ग देखाएका छन्। यी पथ प्रदर्शकहरूमा बुद्धको अद्वितीय स्थान छ। बोधगयामा बोधि वृक्षको मुनि सिद्धार्थ गौतमले ज्ञान प्राप्त गर्नु इतिहासमा अद्वितीय घटना हो।

****** ० ******

**महापर्व छठ**

लोक आस्थाको महापर्व छठ आज नहाय खायबाट शुरु भएको छ । सूर्यापासनाको यो चार दिवशीय पवित्र अनुष्ठानमा भोलि साँझ अबेर सम्म खरना को अनुष्ठान सम्पन्न हुनेछ। यसपछि लगभग ३६ घण्टाको पानीरहित उपवास शुरु हुनेछ । बिहीबार साँझ अस्ताउँदो सूर्य र शुक्रबार बिहान उदाउदो सूर्यलाई अर्घ्य दिएर महोत्सवको समापन हुनेछ । सूर्य देवलाई अर्घ्य अर्पण सामान्यतया पवित्र नदीहरूको किनारमा गरिन्छ। विभिन्न सूर्य मन्दिरका छठ घाटमा अर्घ्य दिएर पूजाअर्चना पनि गरिन्छ ।

****** ० ******

**प्रधानमन्त्री – छठ -शुभकामना**

प्रधानमन्त्री नरेन्द्र मोदीले छठ पर्वको अवसरमा देशवासीलाई शुभकामना व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले सबै व्रतालुलाई विशेष शुभकामना दिनुहुदै , छठी मैयाको आशिर्वादले उनीहरुको अनुष्ठान सफलतापूर्वक सम्पन्न हुने विश्वास व्यक्त गर्नुभएको छ ।

****** ० ******

**नेपाल छठ पर्व**

नेपालको तराई तथा काठमाण्डू उपत्यकामा सूर्य उपासनाको महापर्व छठ पालन गर्ने सबै तैयारीहरू पूरा गरिएकोछ। आस्थाको यस महान पर्वका लागि नदी र तलाहरूलाई साफ सफाई गरि घाट तैयार गरिन्दै छ तथा झिलीमिली फूलमाल अनि बिजुली बत्तीहरूले सजाइन्दैछ। ग़ाजधानी काठमाण्डूमा बागमति नदी किनार कमालपोखरी तथा गौरीघाटलाई विशेष रूपले सजाइन्दैछ। मधेश प्रदेशमा रानीघाट, नगवापोखरी, छपकैया पोखरी, दशरथ पोखरा, र अन्य तलावहरूलाई साफसुघर गरि सजाउने काम जोरशोरले चलि रहेकोछ। 7 नोभेम्बरको दिन मुख्य छठपूजा मनाइनेछ तथा नेपालको सरकारले यस दिनलाई विदा घोषित गरेको छ। छठ पर्वका लागि भारतबाट रेकर्ड 1.7 लाख केरा मंगाइएकोछ जसको मूल्य भारतीय रूपियाँमा 1 करोड 70 लाख भन्दा बढी रहेकोछ। रक्सौल सीमा नाका भएर यो केराको आयात गरिएको हो। बीरता भोड़ भएर 4000 किलो केरा मंगाइको जानकारी भन्सर विभागले दिएकोछ। असम, बिहार ,पश्चिम बंगालबाट यी केराहरू आयात गरिएका छन्। नेपालमा हुने केराको दाम भन्दा भारतबाट जाने केऱा सस्तोछ। यसैले बारतबाट बढी मात्रामा केराको आयात गरिन्छ।

****** ० ******

**नीति आयोग- श्जल उत्सवश्**

नीति आयोगले मानिसहरुमा जल व्यवस्थापनए संरक्षण र स्थायीपनप्रति जागरुकता र संवेदनशीलता जगाउन भोलिदेखि १५ दिवशीय श्जल उत्सवश् शुरु गर्ने भएको छ । यो अभियानले प्रधानमन्त्री नरेन्द्र मोदीको दृष्टिकोणलाई पछयाउँदछ जसले गत वर्ष दिसम्बरमा आयोजित तेस्रो मुख्य सचिव सम्मेलनको क्रममा श्नदी उत्सवश् को रुपमा श्जल उत्सवश् को विचार प्रस्तुत गर्नुभएको थियो । नीति आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ ,जल उत्सव ६ देखि २४ नोभेम्बरसम्म २० आकांक्षी जिल्ला र ब्लकहरूमा लागू भइरहेको छ । यो राष्ट्रिय जल जीवन मिशनए खानेपानी तथा सरसफाइ विभागए जल शक्ति मन्त्रालयको सहयोगमा भईरहेको छ । देशका २० राज्यमा आयोजना हुन लागेको महोत्सवमा जलस्रोतको संरक्षण र सम्बर्धनमा समुदायको सहभागिताको परिकल्पना गरिएको छ ।

****** ० ******

**मिलन मेलामा इस्ट टेक २०२४ सम्पन्न:**

ईस्ट टेक २०२४ को उद्घाटन समारोह आज कोलकाताको विश्व बङ्गला मिलन मेलामा सम्पन्न भयो । समारोहमा स्वदेशी प्रविधिको माध्यमबाट सैन्य उत्कृष्टतामा आत्मनिर्भरताको दिशामा महत्वपूर्ण कदमहरूमाथी जोड दिइएको थियो। कार्यक्रमको

उद्घाटन पश्चिम बङ्गालका उर्जा एव खेलमंत्री मन्त्री अरुप विश्वासले गर्नु भएको थियो। उहाले रिबन काटेर मेलाको उद्घाटन गर्नुका साथै विभिन्न प्रदर्शनी स्टलको अवलोकन गर्नुभएको थियो। उक्त समारोहमा भारतीय सेनाको पूर्वी कमाण्डका जनरल अफिसर कमान्डिङ (जीओसी–इन–सी) लेफ्टिनेन्ट जनरल आरसी सिंहको उपस्थिति रहेको थियो। उहाँले पूर्वी कमाण्डले विभिन्न चुनौतीको सामना गर्दै देशको सुरक्षा सुनिश्चित गर्ने बताउनु भयो। सैनिकहरुलाई आधुनिक प्रविधिले सुसज्जित हतियार र उपकरण चाहिने उहाँले बताउनु भयो । मेलामा १४० भन्दा अधिक सुरक्षा सामग्री निर्माता कम्पनीहरुले आफ्ना उत्पादनहरु प्रदर्शन गरिरहेका छन्ए जसले सेनाको आवश्यकता अनुसारको सामग्री तयार गर्न सहयोग गर्नेछ। जनरल सिहले बङ्गालका सूक्ष्म, साना तथा मझौला उद्यमहरू (एमएसएमई) ले रक्षा उत्पादनको क्षेत्रमा राम्रो काम गरिरहेको पनि जानकारी दिनु भयो। उहाले ड्रोन र अन्य रक्षा उपकरणको विकासका लागि २०० करोड रुपिया देखि बढाएर ४०० करोड रुपिया बनाइएको पनि जानकारी दिनु भयो।

****** ० ******

**अमेरिका -चुनाउ**

संयुक्त राज्य अमेरिकामा रिपब्लिकन पार्टीका राष्ट्रपति पदका उम्मेदवार डोनाल्ड ट्रम्प र डेमोक्रेटिक उम्मेदवार कमला ह्यारिसबीच नयाँ राष्ट्रपति पदका लागि प्रतिस्पर्धा भईरहेको छ ।ट्रम्पले मिशिगनमा भाषण दिएर आफ्नो चुनावी अभियानको अन्त्य गरेका थिए भने ह्यारिसले पेन्सिलभेनियामा आफ्नो चुनावी अभियानको क्रममा सीमा सिल गर्ने र खरबौं को कर कटौतीको प्रस्ताव सहित गर्भपतन अधिकारको वकालत गरेकी थिइन् र कामकाजी परिवारका लागि खाना र आवास को लागत कम गर्ने वाचा गरेकी थिइन्। ५ सय ३८ इलेक्टोरल कलेज मत प्राप्त गर्ने उम्मेदवारले २ सय ७० मत प्राप्त गर्नेछन् । युनिभर्सिटी अफ फ्लोरिडाको इलेक्सन ल्याबका अनुसार ८ करोड २० लाख भन्दा अधिक मतदाताहरुले मतदान गरिसकेका छन् । अमेरिकामा लगभग २४ करोड ४० लाख मतदाताहरु रहेका छन् । सन् २०२० को चुनावमा लगभग ६६ प्रतिशत मत खसेको थियो ।

****** ० ******

**ओम बिरला - नयाँ कानून**

लोकसभा अध्यक्ष ओम बिरलाले तीन नया आपराधिक कानूनले समकालीन समाजको चुनौतिहरुलाई सम्बोधन गर्ने बताउनुभएको छ । उहाँलेसदन र स्थायी समितिमा व्यापक चर्चा पछि तीन वटा नयाँ आपराधिक कानुन पारित गरिएको बताउनुभएको छ । संवैधानिक तथा संसदीय अध्ययन संस्थानले नयाँ दिल्लीस्थित संसद् परिसरमा आयोजना गरेको कार्यक्रममा उहाले ८ ३ देशका अधिकारीलाई सम्बोधन गर्नुभयो ।

****** ० ******

**केन्द्र- - ट्युलिप ब्रान्ड शुरुवात**

केन्द्रले आज ट्यूलिप ब्रान्डको शुरुवात गरेको घोषणा गरेको छए जसमा सीमान्तकृत व्यक्तिहरूले बनाएका वस्तुहरू समावेश गरिनेछ। सामाजिक न्याय तथा सशक्तिकरण मन्त्री डाण वीरेन्द्र कुमारले भन्नुभएकोछ -यी उत्पादनहरू ई-कमर्स प्लेटफर्महरूमा बिक्री गरिनेछ ताकि उत्पादनहरू बनाउनमा संलग्न व्यक्तिहरूलाई सशक्त र प्रोत्साहित गर्न सकियोस्। नयाँ दिल्लीको डिल्ली हाटमा आयोजित शिल्प समागन मेला–२०२४ को उद्घाटन समारोहमा उहाँले यस आशय बारे बताउनु भएको हो । मेला यही महिनाको १५ तारिखसम्म चल्नेछ भने बिहान १० बजेदेखि राति ११ बजेसम्म खुल्ला रहनेछ ।

****** ० ******

**दिल्ली-प्रदूषण**

दिल्ली सरकार द्वारा राजधानीमा वायु प्रदूषणलाई नियंत्रित गर्न भोलि देखि एंटी ओपन बर्निंग अभियान शुरू गर्नेछ। दिल्लीका पर्यावरण मंत्री गोपाल रायले बताए अनुसार, यस अभियान अन्तर्गत खुल्लामा मैला जलाउनेहरु माथि निगरानी गर्नको साथै उलंघनकर्ताहरु माथि कार्यवाई गरिने छ। यसको निम्ति दिल्ली नगर निगम सहित विभिन्न एर्जेसिहरु तैनाथ गरिएको छ।

एक महिनासम्म चल्ने यस अभियान बारे जानकारी दिनुहुदै श्री रायले प्रदूषणको रोकथामको लागि आउने १०    दिन महत्वपूर्ण रहेको छ, जसको लागी सबै विभागहरुलाई सतर्क रहने निर्देश दिएको छ

****** ० ******

**भारतीय तटरक्षक बल ;आईसीजी**

भारतीय तटरक्षक बल ;आईसीजीद्ध ले आज नयाँ दिल्लीमा २६ औ राष्ट्रीय तेल स्पिल आपदा आकस्मिक योजना को बैठक सम्पन्न गरेको छ। बैठकको अध्यक्षता आईसीजीका महानिर्देशक परमेश शिवमणिले गर्नुभयो स बैठकमा भारतीय जलक्षेत्रमा तेल लिक को आपतकालीन अवस्थालाई प्रभावकारी रुपमा सम्बोधन गर्न देशको तयारीको समीक्षामा केन्द्रित थियो। सम्बोधनको क्रममा श्री शिवमणिले सामुद्रिक तेल र रासायनिक लिक लगायत क्षेत्रीय खतरालाई सम्बोधन गर्न आईसीजीको प्रतिबद्धता दोहोर्याउनु भयो । उहाँले साझेदारीलाई मजबुत बनाउनए समन्वयमा सुधार ल्याउन र उदीयमान प्रविधिमा उत्कृष्ट अभ्यास अवलम्बन गर्न विभिन्न हिताधारकहरु बीच सहयोग बढाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । बैठकमा विभिन्न मन्त्रालयए केन्द्र र राज्य सरकारए बन्दरगाह र तथा तेल व्यवस्थापन एजेन्सीका ८० प्रतिनिधिहरु को सहभागिता रहेको थियो ।

****** ० ******